पाँचौ गाउँसभाको बैठकमा

अध्यक्ष श्री झग बहादुर विश्वकर्माज्यूबाट प्रस्तुत

आ.व. २०७६/०७७ को

# वार्षिक नीति तथा कार्यक्रम

सरुमारानी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाडा, प्यूठान

५ नं. प्रदेश नेपाल

२०७६ असार १० गते मंगलवार

गाउँपालिका उपाध्यक्ष ज्यू,

सरुमारानी गाउँपालिका गाउँसभा सदस्यज्यूहरु,

राष्ट्रसेवक कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. नेपालीजनताको ऐतिहासिक संघर्षको प्रतिफल स्वरुप केन्द्रीकृत एकात्मक राज्य व्यवस्थाको अन्त्य भई मुलुक संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था प्रवेश गरेको छ फलस्वरुप तिन तहको संघीयताको कार्यान्वयन भई संविधानले परिकल्पना गरे वमोजिम राजनीतिक प्रणालीमा मूलुक प्रवेश गरेको छ । नेपालको संविधान बमोजिम गठित स्थानीय तहको रुपमा रहेको स्थानीय सरकारको तर्फबाट यस गरिमामय गाउँ सभामा आर्थिक बर्ष २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै हर्षित र गौरवान्वित महसुस गरेकोछु ।

२. संघिय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागी नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन लगायत गौरवमय आन्दोलनका ईतिहासहरुलाई स्मरण गर्दै गणतन्त्रको स्थापनार्थ आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने महान शहिदहरु प्रति उच्च सम्मानका साथ हार्द्धिक श्रद्धाञ्जली प्रकट गर्दछु। साथै घाइते वेपत्ता नागरिक तथा अपाङ्गहरुको त्याग बलिदान तथा राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

३. नेपालको संविधान, प्रचलित ऐन कानूनले स्थानीय तहलाई प्रदान गरेका अधिकारहरुको कार्यान्वयन गर्दै सुखी र समृद्ध स्थानीय तह बनाउने निहित उद्धेश्यका साथ स्थानीय सरकारको निर्माणसँगै जनताले घरघरमा स्थानीय सरकाको अनुभूति गर्न पाएका छन्। स्थानीय स्तरमा योजनाको छनौट र कार्यान्वयन हुने हुँदा योजनाहरुको प्रभावकारीतामा समेत बढोत्तरी भएको छ ।यो वास्तवमा नेपाली जनताको लागि एक सुनौलो अवसर समेत हो। हिजोको दिनमा हामी जुन ढंगको एकात्मक र केन्द्रिकृत मानसिकतावाट ग्रसित थियौ, आज सो कुराको क्रमशः अन्त्य हुदै गएको छ ।

आदरणीय गाउँसभा सदस्यज्यूहरु,

४. आगामी आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम तर्जुमाको आधारको रुपमा हामीले एक वर्षको अवधिमा गरेका कार्यहरुलाई लिएका छौं । त्यसैले अव म विगतलाइ फर्केर सम्पादित कार्यहरुको छोटो समिक्षा गर्न चाहान्छु ।

५. विगत लामो समय देखि सामुदायिक विद्यालयहरुमा अविभावकहरुको पहलबाट निजी श्रोतबाट शिक्षक व्यवस्थापन गरी सामुदायिक विद्यालयहरु अएकोमा चालु आ.ब. २०७५।०७६ मा गाउँपालिकाबाट ४९ वटा अनुदान शिक्षक दरबन्दी कायम गरी पदपुर्ति समेत गरि सकिएको छ । यसले सामुदायिक विद्यालयहरुमा पठनपाठनको अवस्थालाई सहज बनाउनुको साथै जनतालाई आर्थिक बोझबाट मुक्त गरेको छ । चालु आ.ब. २०७५।०७६ लाई शैक्षिक गुणस्तर सुधार वर्षको रुपमा घोषणा गरिएकोमा गत शैक्षिक सत्रमा धेरै हदसम्म सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि भएको छ । जेहेन्दार र विपन्न विद्यार्थीहरुलाई छात्रवृति रकम प्रदान गरी पठनपाठनको लागी उचित वातावरण प्रदान गरिएको छ । विद्यालयमा आधुनिक प्रविधियुक्त शिक्षण सिकाइ क्रियाकलाप अनुरुप स्मार्ट बोर्ड संचालन सम्वन्धी तालिम संचालन गरिएको छ ।

६. यस आ.व.मा बङ्गाँडा, ददेरी र गनाहामा ३ वटा सामुदायिक स्वास्थ्य ईकाई संचालन गरिएकोछ भने हापुरवेशीमा सासाहिक क्लिनिक सुरुवात गरी स्वास्थ्य सेवामा जनताको पहुँच अभिवृद्धि गरिएकोछ ।

७. खानेपानी तथा सरसफाइको क्षेत्रमा सबै वडाहरुमा सरसफाई अभियान संचालन गरिएको छ हाल घरहरुको सरसफाइ अनुगमन एंव निरीक्षण कार्य भइरहेको छ।वि.स. २०७६ चैत्र मसान्तसम्म पूर्ण सरसफाइयूक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य अनुरुप काम भइरहेकोछ।२ वर्ष भित्र खानेपानीको आपुर्ति व्यवस्था मिलाउने पूर्वघोषित नीतिलाई कार्यान्वयन गर्न पूर्णरुपमा समर्पित भएर लाग्दा लाग्दै पनि जलवायु परिवर्तन लगायतका समस्याले कतिपय मुहान सुकेर आयोजनाहरु संकटमा परेका छन कतिपय योजनाहरु संघ र प्रदेश सरकारको क्रमागत वजेटबाट कार्यान्वयन हुदै जाने क्रममा अधुरो वजेट आउने कारणले सम्पन्न हुन नसकेको र गाउँपालिकाबाट शुरु गरिएको धेरै योजनाहरु सम्पन्न भएतापनि पर्याप्त बजेटको कमीको कारणले ठुलो लागतका योजनाहरु सम्पन्न भैनसकेका र कतिपय योजनाहरु प्रदेशको समपुरक बजेटबाट शुरुवात गरिएतापनि हाल सम्म सम्पन्न नभएको कारणले लक्ष्य अनुरुप पूर्ण सफलता प्राप्त नभएता पनि खानेपानीको विषयमा जनताले अपेक्षा गरे अनुसार धेरै योजना सम्पन्न र केही योजना क्रमागत रहेकोले निकट भविष्यमा पूर्णता हासिल गर्न सकिने विषयमा जनविश्वास कायम रहेको छ ।

८. गाउँपालिका स्तरिय खेलकुद सामाग्री सहित प्रशिक्षण र प्रतियोगिता कार्यक्रम सम्पन्न भएका छन्,नियमित कराते प्रशिक्षण कार्यक्रम संचालन गरिएकोछ ।३०० जना बढीलाई उद्यमशिलता तथा सिपमुलक तालिम प्रदान गरिएकोछ।सहकारी संस्था र लक्षित बर्गको क्षमता विकासको लागी विभिन्न सशक्तिकरणका कार्यक्रमहरु संचालन भएकाछन ।यस

आ.व.मा लोक सेवा तयारी कक्षा, पत्रकारिता तालिम प्रस्तावना लेखन तालिम आदी समेत संचालन भएका छन् ।एक वडा दुई अभियान कार्यक्रम अन्तरगत सरसफाइ अभियान, बालविवाह वहुविवाहका विषयलाई मुख्य अभियानको रुपमा संचालन गरिएकोछ।

९. एक बस्ती एक पोखरीको अवधारणा अनुसार ५ वटा पोखरी निर्माण गरिएकोछ । सुरक्षाको दृष्टिकोणले यस गाउँपालिकाका बड्डाडा र दर्भान बजार क्षेत्रमा सि.सि. क्यामेरा जडान गरीएकोछ भने सबै माध्यामिक विद्यालयहरुमा विद्युतिय हाजिरी जडान गरिएकोछ । विभिन्न ९ वटा योजनाहरुको डि.पि.आर.तयार गरिएको छ। विपन्न बर्ग सुरक्षित आवास कार्यक्रम अन्तगत ९० घरधुरीलाई जस्तापाता वितरण गरिएकोछ ।

१०. वडा तथा बस्तीहरुलाई सडक संजालमा जोडने नीति अनुसारसडक पूर्वाधारको स्तरोउन्नती गरी यातायात सेवालाई प्रभावकारी वनाउन दरभान मैदान वर्नीविर सडक कालोपत्रे, बांगेशाल कास्कोट र दरभान रत्ने जस्पुर मोटरवाटो स्तरोउन्नती र ३० भन्दा बढी योजनाको ट्र्याक खोल्ने कार्य भइसकेको छ ।

११. संस्कृति पर्यटन विकासमा सहयोग पुराउन विभिन्न मठमन्दिर निर्माण, पर्यटन पूर्वाधार निर्माण गरी पर्यटक आगमन वृद्धि गरि आयआर्जन वढोत्तरीकालागी किमिचौर दह संरक्षण, रानीकुवा योग तथा शान्तिपार्क मदन स्मृति पार्क मुख्य रुपमा कार्यान्वयनमा आएका छन् ।

१२. जनता मा.वि. वडडाँडाका विद्यार्थीहरुलाई निशुल्क यातायत व्यवस्थापन कार्य सम्पन्न गरिएको छ ।

आदरणीय गाउँसभा सदस्यज्यूहरु

मैले माथि चालु आर्थिक वर्षका मुख्यमुख्य कार्य मात्र उल्लेख गरेको छु । यसका अलवा अन्य कामहरु भैरहेकाछन्। अव म आगामी आर्थिक वर्ष २०७६/०७७ को लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१३. सरुमारानी गाउँपालिकाको समृद्धि र विकासका लागी ५ वर्षे आवधिक योजना निर्माण गरिनेछ, आगामी वर्ष देखी सोही आवधिक योजनाका लक्ष्य अनुसार वार्षिक योजनालाई आवद्ध गरी कार्यक्रम संचालन गरिनेछ ।प्रगतिशील कर प्रणाली मार्फत राजश्व र कर प्रशासनलाइ प्रभावकारी वनाइनेछ। राजश्वका दर श्रोत र दायराका आधारमा कर नीतिमा समसामायिक परिवर्तन गरी जनशक्ति व्यवस्थापन र क्षमता अभिवृद्धि गरिनेछ । राजश्व संकलनको लागी वडा स्तरसम्म सूचना प्रविधिको प्रयोग गरिनेछ ।सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरिय वनाउदै लगिनेछ ।

१४. प्राकृतिक स्रोत साधनको प्रचुरता, कृषि पशुपालन, पर्यटन र व्यापारको अधिक संभावना बोकेको यस गाउँपालिकामा आर्थिक समृद्धि र विकासका थुप्रै संभावनाहरु रहेका छन् । संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागी दिगो आर्थिक विकास र समृद्धिको चाहानालाई सार्थक तुल्याउन वडा टोल र वस्तीस्तरवाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाबाट समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजिएका र क्रमागत एंव ठूला प्रकृतिका र महत्वपूर्ण मानिएका आयोजानाहरुलाई प्राथमिकतामा राखिनेछ । यस्ता योजना कार्यान्वयन गर्दा संघिय तथा प्रदेश सरकारबाट साझेदारी सहयोग जुटाइने व्यवस्था मिलाइनेछ ।

१५. गाउँपालिकाको वित्तिय व्यवस्थापन क्षमता र कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गरी आयोजनाहरुको कार्यान्वयन क्षमता वढाउनुको साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरी सुशासन कायम गरिनेछ ।सार्वजनिक सेवा प्रवाहलाइ चुस्त दुरुस्त र प्रभावकारी वनाउन संगठन संरचना तथा कर्मचारीहरुको कार्यविवरण तयार गरी लागु गरिनेछ ।

१६. जनप्रतिनिधि र कर्मचारीको व्यवसायिक दक्षता अभिवृद्धिका लागी प्रोत्साहान, पुरस्कार तालिम तथा राम्रा अभ्यासहरुको अध्ययन भ्रमणको व्यवस्था मिलाईनेछ ।सूचनाको हकको प्रत्याभूती दिलाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधिहरुको प्रयोग गर्नुको साथै सूचना तथा तथ्यांक व्यवस्थापनको लागी सूचना केन्द्र स्थापना गरिनेछ ।सबै सार्वजनिक निकायमा विद्युतिय शासनमा आवद्ध गरिने नीति लिइनेछ ।

१७. **कृषि उत्पादकत्व वृद्धिः सरुमारानी गाउँपालिकाको समृद्धि भन्ने नाराका साथ** कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रिकरण गरी उत्पादकत्व वृद्धि गरिनेछ।निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्ययमबाट जीवनस्तरमा सुधार ल्याउन स्थानीय आवश्यकता र सम्भाव्यता अनुरुप कृषि क्षेत्रको विविधिकरण र व्यवसायिकरणमा जोड दिइनेछ । कृषि उत्पादकत्व वृद्धि गर्नका लागी किसानसँग गाउ सरकार कार्यक्रमलाई आगामी आ.ब.मा पनि निरन्तरता दिईनेछ ।

१८. सिचाइसँग सम्बन्धित अधुरा कार्य सम्पन्न गरिनेछ। दर्ता भएका पकेट र ब्लकलाई विभिन्न अनुदानको व्यवस्था गरिनेछ । सिंचाई प्रणालीको विकास मार्फत उत्पादन बढाउने कार्यक्रमहरु संचालन गरिनेछ ।

१९. सहकारीको क्षमता अभिवृद्धि गरी सहकारीको माध्यमवाट उत्पादीत वस्तु तथा सेवाहरुको प्रवर्द्धन र बजारीकरण गरिनेछ ।सहकारी दर्ता, संचालन, नियमन र अनुगमन सम्वन्धी

मापदण्ड निर्माण गरिनेछ । निष्कृय सहकारीहरु खारेजी गरिनेछ ।टोल विकास संस्था तथा बिभिन्न समूहको क्षमता विकास गरिनेछ ।

२०. गाउँपालिकाको निति कानून, मापदण्ड, निर्णय कार्यान्वयन गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण र ऐन वमोजिम तोकिएका अन्य कार्यहरु गर्न गाउँ प्रहरीको व्यवस्था गरिनेछ ।न्यायिक समिति- मेलमिलाप कर्ताको क्षमता अभिबृद्धिको लागी विभिन्न कार्यक्रम संचालन गरिनेछ।स्थानीय कानून निर्माण कार्यलाइ निरन्तरता दिइनेछ ।

२१. गाउँपालिकामा स्थानीय जनताहरुको स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्न र गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न छनौट भएका स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा सचालन गरिननेछ।स्वास्थ्य संस्था एवं महिला स्वास्थ्य स्वंयसेविकालाई परिचालन गरी सुत्केरी महिलाको पोषण सहायता कार्यक्रम सबै वडामा कार्यान्वयन गरिनेछ ।विपन्न असहाय कोष र दिर्घ रोग स्वास्थ्य कोषलाई प्रभावकारी किसिमले परिचालन गरिनेछ ।

२२. अनाथ वालवालिकालाई शिक्षाको पहुँचवाट टाढा हुन नदिन पठनपाठनको लागी आवश्यक व्यवस्था गरिनेछ ।यसका लागि मासिक भत्ताको व्यवस्था हुनेछ ।लक्षित वर्गका विभिन्न क्षमता विकास एव सशक्तिकरण कार्यक्रम, छोरी पेवा वचत कार्यक्रमलाई थप प्रभावकारी वनाइनेछ ।महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवासुविधा आगामी आ.ब.मा वृद्धि गरिने छ ।

२३. पूर्वाधार विकासका लागि सामुदायिक वनसँग साझेदारी कार्यक्रमलाइ निरन्तरता दिइनेछ । उद्यमशिलताको विकास मार्फत आयआर्जनमा बृद्धि गरि स्वरोजगार जनशक्ति मार्फत वेरोजगारीमा कमी ल्याइनेछ ।

२४. संरक्षक विहिन टुहुरा बालबालिकाहरुलाई मासिक भत्ताको व्यवस्था गरिने छ । यस सम्बन्धी कार्यविधि कार्यपालिकाले तयार गर प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।

२५. गुणस्तरिय शिक्षाको विकास गरि सक्षम जनशक्ति तयार गर्न विद्यालय शिक्षामा सुधार गर्न चालु आ.व. देखि विद्यालय शिक्षक दरवन्दि कायम गरी नियुक्त गरिएका करार शिक्षक कर्मचारीको सेवालाई निरन्तरता दिइनेछ।शैक्षिक गुणस्तर सुधार रशिक्षक तालिमको आवश्यक व्यवस्था मिलाइनेछ ।खेलकुदको माध्यमबाट युवाहरुको क्षमता विकास गरि विकास निर्माणमा युवा परिचालन गरिनेछ । विद्यालयको व्यवस्थापकीय सुधारको लागी नियमित अनुगमन तथा मुल्यांकन पद्धतीको विकास गरिने छ ।

२६. वि.स. २०७६ चैत्र मसान्तसम्म यस गाउँपालिकालाई पूर्ण सरसफाइयूक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य अनुसार स्वच्छ वातारण र सरसफाइयूक्त गाउँ निर्माण कार्यलाई सफल वनाउन प्लाष्टिक रहित बस्ती कार्यक्रम सचालनगरिनेछ ।सरसफाइयूक्त

गाउँपालिका निर्माण कार्यलाई कार्यान्वयन गर्न खानेपानी तथा सरसफाईगुरुयोजना निर्माण गरिनेछ ।स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धिका लागी एक घर एक खानेपानी धाराको अवधारणा अनुसार खानेपानी योजनाहरु सचालन गरिनेछ ।

२७. नेपालको संविधानले व्यवस्था गरेको लक्षित बर्गको हकहितको लागी लैंगिक समता र समानता, सशक्तिकरणका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

२८. जलवायु परिवर्तन र बातावरण मैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ। जुनसुकै समयमा पनि विपद आई पर्ने भएकोले विपदबाट हुने क्षतीलाई सम्बोधन गर्न विपद प्रतिकार्य योजना निर्माण र विपद व्यवस्थापन कोष खडा गरिनेछ ।

२९. गाउँपालिकाको प्रशासनिक भवन निर्माण, वडा नं. ५ र ६ को वडा कार्यालय भवन निर्माण सम्पन्न गर्ने लक्ष्य लिएकोछ ।अन्य संस्थाहरुको भवनहरुको संरक्षण र मर्मत संभारको व्यवस्था मिलाइनेछ ।

३०. सडक पूर्वाधारको स्तरोउन्नती गरी यातायात सेवालाई प्रभावकारी वनाउन सडक कालोपत्रे स्तरोउन्नती र ट्र्याक खोल्ने कार्यलाई अगाडी वढाउने नीति लिइएको छ।वडा तथा वस्तीहरुलाई सडक संजालमा जोडने नीतिलाइ निरन्तरता दिइनेछ ।

३१. संस्कृति पर्यटन विकासमा सहयोग पुराउन विभिन्न मठमन्दिर निर्माण,पर्यटन पूर्वाधार निर्माण गरी पर्यटन आगमन वृद्धि गरि आयआर्जन बृद्धि गर्नका लागी विभिन्न कार्यक्रम संचालन गरिनेछ। गाउँपालिका अन्तरगतका विभिन्न ऐतिहासिक, पर्यटकिय, जातीय धार्मिक, भौगोलिक, पर्यावरणीय क्षेत्र तथा विषयहरुको संरक्षण र सम्वर्द्धनमा जोड दिइनेछ।

३२. हाम्रा पूर्वजहरुले धार्मिक मान्यता अनुरुप रोपेका वरपिपल स्वामी आदिका चौपारीहरु गाउँपालिका स्थापनादेखि नै निर्माण गर्दै जाने हाम्रो नीतिलाई आगामी आ.व. २०७६।०७७ मा पनि निरन्तरता दिइने छ।

३३. आगामी आर्थिक वर्ष शैक्षिक सत्र २०७७ देखि प्राविधिकधार तर्फ सिभिल इन्जिनियरीङ्ग ओभरसियर तहको पढाइ शुरुवात गरिने छ ।

३४. कुनै पनि सरकारी तथा गैरसरकारी संघसंस्थाले आयोजना/कार्यक्रमहरु संचालन गर्नुपुर्व गाउँपालिकाबाट अनुमति लिने र गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप संचालन गर्नुपर्ने नीति अवलम्वन गरिनेछ ।कार्यक्रम संचालनमा दोहारोपनालाई निरुत्साहीत गरिनेछ ।

३५. सार्वजनिक जग्गा अतिक्रमण रोक्न सार्वजनिक जग्गा खोजी कार्यदल गठन कार्य अघि बढाइने छ ।

३६. यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक वन उपभोक्ता समुहलाई व्यवस्थित गर्न तथा वन संरक्षण र विकासको सदुपयोगमा प्रभावकारी र पारदर्शी बनाउने नीति अवलम्बन गरिने छ ।

३७. गाउँपालिका क्षेत्र भित्रबाट उत्खनन् संकलन तथा निकासी हुने नदीजन्य पदार्थको लागी प्रदेश सरकारको कार्यविधि अनुरुप नियमन अनुगमन र व्यवस्थित गर्दै गाउँपालिकाले आन्तरिक श्रोत वृद्धि गरिने छ ।

३८. गाउँपालिकाको क्षेत्रमा रहेका निजी तथा सार्वजनिक आवादी जग्गाको मुल्याङ्कन गरी कृषि योग्य क्षेत्र बस्ती तथा बजार क्षेत्र र औद्योगिक क्षेत्र निर्धारण गर्ने गरी भुउपयोग योजना निर्माण गरिने छ ।

३९. प्रदेश लोकमार्ग बाहेक गाउँपालिका अन्तर्गत रहेका सडकहरुको सडक गुरुयोजना निर्माण गरी सोही योजना मुताविक सडक सडक निर्माण तथा स्तरउन्नती गरिने छ ।

४०. अन्तमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था वमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकिय, कार्यपालिकिय तथा न्यायिक अधिकार कार्यान्वयनको अभ्यास गर्दै वार्षिक निति तथा कार्यक्रम यस सम्मानीत सभामा प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नु भएकोमा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु तथा सबै सरोकारवालाहरुमा हार्द्धिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

झग वहादुर विश्वकर्मा
अध्यक्ष
सरुमारानी गाउँपालिका
प्यूठान